नेपाल सरकार
वन तथा भू–संरक्षण मन्त्रालय

# वन विभाग

प.सं. : २०७३/०७४

मिति : २०७४/०२/२८

च.नं : ११२१

विषय :प्रगति विवरण सम्बन्धमा ।

श्री सबै जिल्ला वन कार्यालयहरु ।

उपरोक्त सम्वन्धमा कतिपय जिल्ला वन कार्यालयहरुवाट संचालित विभिन्न कार्यक्रमहरुको चौमासिक तथा मासिक प्रगति विवरण तोकिएको समयावधि भित्रमा यस विभागको अनुगमन शाखामा प्राप्त हुन नसकेकोले यो पत्र लेखिएको छ । समयमै प्रगति प्राप्त नहुदा मन्त्रालय स्तरीय प्रगति समिक्षा कार्यक्रममा विभागीय प्रगति प्रस्तुत गर्ने कार्यमा अप्ठ्यारो परिरहेकोले यस वारे पटक पटक पत्राचार गर्नुकासाथै विभागको वेभ साईट मार्फत उक्त जानकारी गराईएको कुरा विदितै होला । वन प्रशासनको जवाफदेहिता अभिवृद्धिको लागि नियमित रिपोर्टिङ्ग एक अभिन्न अंग रहेकोले आँउदा दिनहरुमा समयमै प्रगति विवरण प्रत्येक महिनाको ५ गते भित्र सम्ममा Digital Copy वा ईमेजको फर्ममा स्क्यानिङ्ग गरेर अनुगमन शाखाको ईमेल monitoring@dof.gov.np मा पठाईदिनु हुन र छिटो माध्यमवाट पत्र समेत प्रेशित गरी दिनु हुन अनुरोध छ ।

साथै जिल्ला स्तरमा भए गरेका गतिविधिहरु (वन संरक्षण एवं हानि नोक्सानी विवरण, अतिक्रमण नियन्त्रण, मानव वन्यजन्तु द्वन्द, वन अपराध मुद्धा जस्तै काठ/दाउरा वरामद तथा अभियुक्त पक्राउ आदि) को औपचारिक रिपोर्ट विभागको अनुगमन शाखामा नियमित रुपमा गर्नु हुन वा यस विभागको कन्ट्रोल रुमको टोल फ्रि नम्वर १६६००१२०३०३ मा सिधै जानकारी पठाउनुहुन अनुरोध छ ।

महानिर्देशक

(कृष्णप्रसाद आचार्य)
महानिर्देशक

वोधार्थ:

पाँच वटै क्षेत्रीय वन निर्देशानलयहरु ।

Scanned by CamScanner